# फिलेमोनलाई पावलको पत्र

ख्रीष्ट येशूको एक कैदी पावल र हाम्रा भाइ
तिमोथीबाट
हाम्रा प्रिय बन्धु तथा सहकर्मी फिलेमोनलाई अभिवादन।
२साथै हाम्री बहिनी अप्फियालाई, सहकर्मी अर्खिप्पसलाई
र तिम्रो घरमा भेला हुने मण्डलीलाई पनि!
३हाम्रा परमेश्वर पिता अनि प्रभु येशू ख्रीष्टबाट
अनुग्रह अनि शान्ति तिमीहरू साथ रहोस्।

## फिलेमोनको प्रेम र विश्वास

४आफ्नो प्रार्थनामा म तिमीलाई सम्झन्छु र तिम्रो
निम्ति म सधैं मेरो परमेश्वरलाई धन्यवाद चढ़ाउँछु।
५परमेश्वरका पवित्र मानिसहरू प्रति तिम्रो प्रेम र प्रभु
येशूमा तिम्रो विश्वासको कुरा म सुन्दछु। ६म प्रार्थना
गर्छु कि तिमीले हामीसित सहभोग गरेको विश्वासले
ख्रीष्टमा भएको हाम्रा हरेक असल कुरो गहनपूर्वक
बुझ्नमा तिमीलाई सहायता दिनेछ। ७मेरा भाइ! तिमीले
परमेश्वरका मानिसहरूलाई प्रेम गर्‍यौ अनि तिनीहरूलाई
प्रफुल्लित तुल्यायौ। यसले मलाई आनन्द अनि सुविस्ता
प्रदान गरेको छ।

## ओनेसिमसलाई एक भाइको रूपमा स्वीकार गर

८तिमीले केही गर्नु छ। ख्रीष्ट प्रति भएको मेरो
अधिकारको कारणले म तिमीलाई यसो गर भन्न
सक्छु। ९तर मैले तिमीलाई आदेश दिएको होइन,
केवल प्रेमको शक्तिमा म तिमीलाई निवेदन गर्दछु। म
पावल हुँ अनि अहिले म वृद्ध मानिस हुँ अनि ख्रीष्ट
येशूको लागि बन्दी छु। १०म मेरो छोरो ओनेसिमसको
बारेमा निवेदन गरिरहेछु। म कारागारमा छँदा उ मेरो
छोरो बनियो। ११बितेका दिनहरूमा उ तिम्रोलागि
बेकम्मा थियो। तर वर्तमान समयमा तिमी र म दुवैको
लागि ऊ उपयोगी मानिस भएको छ।
१२म उसलाई फेरि तिमीकहाँ मेरो हृदयसितै पठाउँदैछु।
१३म कारागारमा रहेको बेला मलाई सहायता गर्नका
निम्ति म आफै उसलाई यहाँ सुसमाचारको निम्ति राख्न
चाहन्थें। मलाई सहायता गरेर उसले तिम्रो सेवा गर्ने
थियो। १४तर तिम्रो अनुमति नलिई म केही गर्न
चाहँदिन। त्यसो हुँदा तिमीले मेरो निम्ति गर्ने असल
कार्य तिमीले स्वयं गर्न चाहेको हुनेछौ अनि मैले कर
लाएको हुनेछैन।
१५ओनेसिमस तिमीसित केही समयकोलागि छुट्टिएको
थियो। यसो भएको हुन सक्छ कि त्यसलाई तिमीले
सदाका निम्ति फिर्ता पाउनेछौ। १६अझ एक दासको
रूपमा होइन, तर दासभन्दा अधिक अनि एक प्रिय
भाइको रूपमा ग्रहण गर। म उसलाई खुबै माया गर्छु।
तर तिमीले उसलाई अझ बेसी माया गर्नेछौ। तिमीले
उसलाई एउटा मानिसको रूपमा अनि प्रभुमा भाइको
रूपमा पनि माया गर्नेछौ।
१७यसर्थ यदि मलाई साथी भनेर स्वागत गर्छौ भने
ओनेसिमसलाई पनि स्वागत गर। मलाई स्वीकार गरे
जस्तै उसलाई स्वीकार गर। १८ओनेसिमसले तिमीसित
केही भूल गरेछ भने मलाई दोष्याऊ। यदि उसले केही
तिर्नु परे मलाई तिर्न लगाऊ। १९म पावल हुँ। यो म
मेरो आफ्नै हातले लेख्दैछु। यदि ओनेसिमसले केही
बाँकी तिर्नु छ भने त्यो म तिर्छु। आफ्नो जीवनको
लागि तिमी मेरो कति ऋणी छौ त्यस बारे म केही
भन्न चाहँदिन। २०हो, मेरा भाइ, प्रभुका निम्ति मेरो
लागि केही गरिदेऊ। ख्रीष्टमा मेरो हृदय शान्त गराऊ।
२१तिमीले मेरो आशा पुरा गर्नेछौ भन्ने पूर्ण विश्वासमा
म यो पत्र लेख्दैछु। म जान्दछु तिमीले मैले भनेको
भन्दा अधिक गर्नेछौ। २२दया गरी मलाई बस्नको
लागि एउटा कोठा व्यवस्था गरी देऊ। म आशा गर्छु
कि परमेश्वरले तिम्रो प्रार्थना सुन्नेछन् अनि म तिमीकहाँ
आउन सक्नेछु।

## अन्तिम अभिवादन

२३मेरो साथी इपाफ्रास पनि ख्रीष्ट येशूको निम्ति
मसित बन्दी छ। उसले तिमीलाई अभिवादन पठाउँछ।
२४अनि मर्कूस, अरिस्तार्खस्, डेमास र लूकाले पनि
तिमीलाई अभिवादन गर्न मसँग एक साथ छन्। यी सबै
मैसित काम गर्दैछन्।
२५हाम्रा प्रभु येशू ख्रीष्टको अनुग्रह तिम्रो आत्मासित
रहोस्। आमिन।